आज मिति २०८२ मंसिर १० गते बुधबारका दिन बिहान ११:०० बजे राइनास नगरकार्यपालिकाको कार्यालयको हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को उपदफा (४) क. (१) बमोजिम राइनास नगर कार्यपालिकाको ८१ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

**उपस्थिति :**

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| (हस्ताक्षर) | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| (हस्ताक्षर) | श्री नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| (हस्ताक्षर) | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| (हस्ताक्षर) | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| (हस्ताक्षर) | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| (हस्ताक्षर) | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| (हस्ताक्षर) | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| (हस्ताक्षर) | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| (हस्ताक्षर) | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| (हस्ताक्षर) | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| (हस्ताक्षर) | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| (हस्ताक्षर) | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| (हस्ताक्षर) | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| (हस्ताक्षर) | श्री कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| (हस्ताक्षर) | प्रमुख प्रशासकीय अधिकृत श्री शिबराज रेग्मी | सचिव |

**आमन्त्रित /अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| (हस्ताक्षर) | दुर्गा ब. नेपाली | |
| (हस्ताक्षर) | त्रिविक्रम रिसाल, इन्जिनियर | |
| (हस्ताक्षर) | विमला वाग्ले, प्रशासकीय अधिकृत | |
| | | |
| | | |

निर्णय प्रमाणित
०८२/८/१०

**मिति २०८२/०८/१० गतेको ८१ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:**

**बैठकमा पेश भएका प्रस्तावहरु**

१. प्रमुख प्रशासकीय अधिकृतको पद वहाली सम्बन्धमा।

२. योजना सम्झौता सम्बन्धमा ।

३. सार्वजनिक स्थलमा अनाधिकृत रुपमा बनेको संरचना हटाउने सम्बन्धमा ।

४. घर नक्सा अभिलेखिकरण सम्बन्धमा ।

५. फहोर मैला व्यवस्थापन सम्बन्धमा ।

६. धानवालिको नोक्सान सम्बन्धमा ।

७. टिमुरे बोराङ खोला सडक निर्माणको म्याद सम्बन्धमा ।

८. राष्ट्रपति रनिङ सिल्ड (जिल्ला स्तरिय) खेल व्यवस्थापन तथा सहभागिता सम्बन्धमा ।

९. विविध सम्बन्धमा ।

**निर्णय नं.१**

यस नगरपालिका कार्यालयमा रिक्त रहेको प्रमुख प्रशासकीय अधिकृतको पदमा कामकाजका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ७२८ मिति २०८२/०७/२० गतेको पत्र मार्फत सरुवा भइ आउनु भएका नेपाल प्रशासन सेवा सामान्य प्रशासन समूह राजपत्राङ्कित द्वितीय श्रेणी, प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज रेग्मी (क.सं.नं.१८६३०३) लाई स्वागत तथा पद वहाली गरियो।

**निर्णय नं.२**

नगरपालिकाको आ.ब. २०८२/०८३ को स्वीकृत कार्यक्रम तथा योजना पुस्तिका (रातो किताव) मा समावेश भएका योजना तथा कार्यक्रम तोकिएको समयमै र प्रभावकारी कार्यन्वयनको लागि सम्बन्धित वडा मार्फत मंसिर २१ गतेसम्म उपभोक्ता समिति गठन गरी नगरपालिकामा जानकारी गराउने साथै गठित उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण गराइ यहि २०८२ पौष २० गतेसम्म योजना सम्झौता गर्ने।

**निर्णय नं.३**

यस नगरपालिकाको वडा नं. ६ धमिलिकुवा आसपासका सार्वजनिक सरकारी जग्गामा घर टहरा बनाइ वसोबास गर्दै आएका व्यक्तिहरुले नगरपालिका, जिल्ला प्रशासन कार्यालय लमजुङ साथै नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृतका विरुद्ध ज्ञानु माया नेपाली समेत ४ जनाले क्षतिपूर्ति दिलाइ भराइ पाउभन्ने मुद्दा उपर पुनरावेदन अदालतबाट दावी नपुग्ने भन्ने फैसला भएको साथै सोही स्थानका राजेन्द्र बहादुर चिलुवाल समेत ४ जनाले अन्तरिम आदेश सहितको निषेधाज्ञाका लागि पुनरावेदन गरेकोमा सो उपर रिट खारेज गरेको हुँदा सम्बन्धित पक्षहरुलाई सो स्थानबाट हट्न हटाउन सार्वजनिक सूचना जारी गर्ने ।

**निर्णय नं.४ :**

राइनास नगरपालिकाको भवन अभिलेखीकरण गर्ने कार्यविधि, २०८१ अनुसार भवन अभिलेखीकरण कार्य २०८२ पौष मसान्तसम्म अवधि रहेकोमा भवन अभिलेखीकरण कार्य हालसम्म न्यून मात्रामा देखिएको हुँदा अभिलेखीकरण कार्य अवधि २०८३ असार मसान्तसम्म थप गर्ने ।

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

CamScanner

**निर्णय नं.५:**

नगरपालिकामा फोहर व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन हालसम्मको कार्यक्रम, प्रगति र प्रस्तावित योजना सहितको विस्तृत प्रतिवेदन पेश गर्न फोकल पर्सनलाई निर्देशन गर्ने।

**निर्णय नं.६:**

यहि अशोज ११ गते देखि लगातार परेको बर्षादले धान खेतीमा पुगेको क्षतिको विवरण उपर छलफल गरियो। किसानलाई परेको मर्काको विषयमा प्रदेश तथा संघ सरकारबाट राहत सहायतको लागि पहल गर्ने ।

**निर्णय नं.७ :**

टिमुरे बोराङ खोला सडक निर्माण कार्यको म्याद थप प्रयोजनार्थ भक्ती कन्ट्रक्सन प्रा.लि. राइनास ३ लमजुङलाई आवश्यक कागजात पेश गर्न पत्राचार गर्ने ।

**निर्णय नं.८ :**

राइनास नगरपालिकाको आ.ब. ०८२/०८३ को स्वीकृत कार्यक्रम तथा योजना पुस्तिकामा रहेको शिक्षा, युवा तथा खेलकुद शाखा तर्फ क्र.स ६मा (पृष्ठ ८८) विनियोजित बजेट रु ८०००००।– राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता (पालिका स्तर र जिल्ला स्तर) कार्यक्रम अन्तरगत पालिकास्तर खेलकूद कार्यक्रम सम्पन्न गर्दा रु ७ लाख ५० हजार खर्च भइ सकेकोले बाँकी रकम रु ५० हजारबाट जिल्ला स्तरको कार्यक्रम सञ्चालन गर्न बजेट नपुग हुने देखिएकोले नपुग हुने बजेट शिक्षा तर्फको क्र.स ९ मा (पृष्ठ ८८) उल्लेखित मेयर कप, राइनासकप भलिबल, फूटबल र अन्य खेलकुद कार्यक्रमबाट भुक्तानी दिने व्वस्था मिलाउने र उल्लिखित रकम हिउँदे नगर सभाबाट अनुमोदन गराउने ।

निर्णय नं.९

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रमको लागि आ.ब. ०८२/०८३ को स्वीकृत कार्यक्रम तथा योजना पुस्तिकामा रहेको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा अन्तरगत (क्र.स ४ पृष्ठ ९०) विभिन्न दिवस समारोह तथा लैङ्गिक हिंसा विरुद्धको दिवस शीर्षक तर्फबाट नगरस्तरिय महिला हाजिर जवाफ कार्यक्रम गर्न महिला बालबालिका तथा जेष्ठ नागरिक शाखालाई निर्देशन दिने ।

खड्ग बहादुर गुरुङ्ग
नगर प्रमुख